स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि , २०७५ को

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०५ संख्याः ०५ मितिः २०७८।०६।११**

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७८।०६।०८ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **"विरुवा गाउँपालिकाको बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम कार्यन्वयन कार्यविधि- २०७८"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको विरुवा गाउँपालिकाको अधिकार क्षेत्र र विरुवा गाउँसभा बाट स्वीकृत बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम कार्यन्वयनको लागि विरुवा गाउँपालिकाले बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम कार्यन्वयन गर्न आवश्यक देखिएकोले विरुवा गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"विरुवा गाउँपालिकाको बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७८"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) "बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम" भन्नाले विरुवा गाउँपालिकाको गाउँसभा बाट स्विकृत बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रमलाई सम्झनु पर्दछ।

(ख) "आयोजना" भन्नाले विरुवा गाउँपालिकाको बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम अन्तर्गत सञ्चालित योजना वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउछ।

(घ) "उपभोक्ता समिति" भन्नाले विरुवा गाउँपालिकाको बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ । तर त्यस्तो उपभोक्ता समितिका सम्पूर्ण सदस्य बैदेशिक रोजगारबाट फर्केका हनुपर्नेछ ।

(ङ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(च) "कार्यपालिका" भन्नाले गाऊँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "बैदेशिक रोजगार बाट फर्केका" भन्नाले कुनै पनि बैदेशिक रोजगार छोडेर विरुवा गा. पा. भित्र फर्केका व्यक्तिलाई जनाउदछ ।

(झ) "वडा" भन्नाले विरुवा गाऊँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) "सदस्य" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(ठ) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र

सम्बन्धित पक्षबीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

(ड) “फर्म” भन्नाले स्वरोजगार सृजना गर्ने कुनै पनि प्रकारको व्यक्तिगत व्यवसायलाई जनाउनेछ ।

(ढ) “समुह” भन्नाले स्वरोजगार सृजना गर्ने गरि स्थापना भएका कुनै पनि प्रकारको समुहलाई जनाउनेछ ।

३. **कार्यविधिको पालना गर्नुपर्नेः**(१) बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन,मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समिति, फर्म, समुहले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) कुल लागत रु ५ लाखसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन  यस कार्यक्रम बाट गर्न सकिनेछ । उपभोक्ता समिति मार्फत गर्न सकिनेछ । यस कार्यक्रममा प्रचलित कानुन बमोजिम गठन भएका उपभोक्ता समिति वा प्रचलित कानुन बमाजिम दर्ता भएका व्यक्तिगत कृषि तथ पशुपालन फर्म, समुह वा स्वरोजगार मुलक फरम तथा समुहहरु समावेश हुन पाउनेछन ।

(३) दफा २ बमोजिमका उपभोक्ता समित विरुवा गाउँपालिकामा दर्ता भएको हुनु पर्नेछ । फर्म वा समुह विरुवा गाउँपालिकामा दर्ता वा सुचिकरण भएको हुनुपर्नेछ ।

## परिच्छेद–२

## उपभोक्ता समितिको गठन र सञ्चालन

४. **उपभोक्ता समिति गठनसम्बन्धी व्यवस्थाः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

५. **उपभोक्ता समितिका सदस्यको योग्यताः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

६. **उपभोक्ता समितिको काम, कर्तब्य र अधिकारः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

## परिच्छेद – ३

## कार्यान्वयन तथा ब्यवस्थापन

७. **आयोजना कार्यान्वयनः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

८. **आयोजना सम्झौताको लागि आवश्यक कागजातहरुः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ वा तोकिए बमोजिम हुनेछ ।

९. **उपभोक्ता समिति, फर्म वा समुहको क्षमता विकासः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

१०. **खाता सञ्चालनः** (१) उपभोक्ता समिति, फर्म वा समुहको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) समिति, समुहको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ । फर्मको खाता संचालन तोकिए बमोजिम हुनेछ ।

११. **भुक्तानी प्रकृयाः** सम्बन्धित उपभोक्ता समिति, फर्म वा समुहले ३०% रकम लगानी गरि व्यावसायको पुर्वाधार तयार गरेपछि अनुगमन समितिको सिफारीसका आधारमा २ किस्तामा भुक्तानि गरीनेछ ।

१२. **निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः** उपभोक्ता समिति, फर्म वा समुहबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ ।

(ग) निर्माण कार्यको दिगोपनाः उपभोक्ता समिति, फर्म वा समुहबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः उपभोक्ता समिति, फर्म वा समुह मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

(ङ) लगत राख्नु पर्नेः उपभोक्ता समिति, फर्म वा समुहबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीले सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समिति वा समुहको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको

लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ ।

१३. **स्थानिय श्रम, श्रोत साधनको प्रयोग गर्नुपर्नेः** (१) उपभोक्ता समिति, फर्म वा समुहले आयोजना कार्यान्वयन गर्दा योजनाको गुणस्तरमा असर नपर्ने गरि यथा सम्भव स्थानिय श्रम, श्रोत र साधनको प्रयोय गर्नुपर्नेछ ।

(२) दफा १ मा जुनसुकै कुरा लेखिएता पनि निर्माण कार्यको लागि विशिष्ट सिपयुक्त जनशक्ति र गुणस्तरीय श्रोत र साधन आवश्यक पर्ने र सोहि अनुरुपको जनशक्ति, श्रोत र साधन स्थानिय तरमा उपलब्ध नभएमा बाहिरबाट जनशक्ति र श्रोत, साधन ल्याउन बाधा पुर्याईएको मानिने छैन ।

१४. **सिफारीस समितिः** (१) प्राप्त आवेदनहरुको छानविन गरी कार्यपालिकामा सिफारीस गर्न तपशिलको एक सिफारीस समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | अध्यक्षले तोकेको कार्यपालिका सदस्यः | अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीः | सदस्य |
| ३. | प्राविधिक शाखा प्रमुखः | सदस्य |
| ४. | प्रशासन शाखा प्रमुखः | सदस्य |
| ५. | रोजगार संयोजकः | सदस्य |
| ६. | कृषि वा पशु शाखा प्रमुखः | सदस्य |
| ७. | योजना शाखा प्रमुखः | सदस्य सचिव |

(२) बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम अन्तर्गत एउटा आयोजनामा गाउँपालिकाको योगदान कम्तिमा रु. १ लाख र बढिमा रु. ३ लाख ५० हजार सम्म मात्र हुनेछ ।

(३) सिफारीस समितिको काम कर्तव्य र अधिकारः१ प्राप्त आवेदनहरुमाथि छानविन गरी सिफारीस क्रम निर्धारण गरी आवश्यकताको आधारमा कार्यपालिकामा सिफारीस गर्ने ।

## परिच्छेद– ४

## विविध

**१५.साझेदारी गर्नुपर्नेः** बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रममा सहभागि हुने उपभोक्ता समिति, फर्म, समुहले कम्तिमा ३० प्रतिशत रकम साझेदारी गर्नुपर्नेछ ।

**१६. सहजिकरण र सहयोग गर्नु पर्नेः** उपभोक्ता समितिले आयोजनाको सुपरिवेक्षण, अनुगमन/निरीक्षण गर्न कार्यालयबाट आएको अनुगमन समिति, पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलव्ध गराउने तथा आयोजनास्थल अनुगमनको लागि सहजिकरण र सहयोग गर्नु पर्नेछ ।

**१७.उपभोक्ता समिति,क्लब र समुहको दायित्वः** उपभोक्ता समिति,फर्म र समुहले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने ।

(ङ) उपभोक्ता समिति, फर्म, समुहले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१८. **मापदण्ड बनाउन सक्नेः** (१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी सम्वन्धित उपभोक्ता समिति, क्लब, समुहलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ.

(२) गाउँपालिका पूर्वाधार साझेदार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

१९. **स्वरोजगार मुलक आयोजना मात्र छनोट गर्नु पर्नेः** बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रम अन्तर्गत स्वरोजगार मुलक आयोजना मात्र छनोट गर्नु पर्नेछ ।

२०. **सुचना प्रकाशित गर्नुपर्नेः** १. यस कार्यक्रमको कार्यन्वनको लागि कार्यलयले कम्तिमा १५ दिनको म्यादको सूचना प्रकाशित गरि इच्छुक उपभोक्ता समिति,फर्म र समुहबाट अनुसुचि १ बमोजिमको ढाँचामा आवेदन माग गर्नु पर्नेछ ।

२१. **अनुगमन समितिको व्यवस्थाः** (१) विरुवा गाउँपालिकाको बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रमको अनुगमन गर्न दफा २ बमोजिमको एक अनुगमन समिति रहने छ ।

संयोजकः उपाध्यक्ष
सदस्यः प्रमुख प्रशासकीय अधिकृत
सदस्यः योजना शाखा प्रमुख
सदस्यः प्राविधिक शाखा प्रमुख
सदस्यः रोजगार संयोजक

२२. **अनुगमन समितिको काम कर्तव्य र अधिकारः**

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सम न्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आवश्यक अन्य कार्य गर्ने ।

२३. **विविधः** (१) यस कार्यक्रमको सम्झौताको लागि तपशिलका कागजात पेश गर्नु पर्ने छ ।

(क) अनुसुचि १ बमोजिमको आवेदन ।

(ख) उपभोक्ता समिति दर्ता को प्रमाण पत्र ।

(ग) फर्म, समुह दर्ताको प्रमाण पत्र विरुवा गाउँपालिका भन्दा अन्य निकायमा दर्ता भएको भए सुचिकरणको प्रमाणपत्र।

(घ) उपभोक्ता समिति, फर्म वा समुहको कुल लागत रकम र साझेदारी रकम खुल्नेगरी गरीएको निर्णय।

(ङ) कुल लागत रकम र साझेदारी रकम खुल्नेगरी सम्बन्धित वडा कार्यलयबाट गरीएको सिफारीस ।

(च) प्राविधिक शाखाबाट गरीएको लागत अनुमान विवरण ।

(छ) कृषि पशु शाखा बाट गरीएको लागत अनुमान विवरण ।

(ज) बैदेशिक रोजगार बाट फर्केको विवरण खुल्ने कागजात ।

**अनुसूची १**
**दफा २१ (१) संग सम्बन्धित**
**विरुवा गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**कार्यक्रम साझेदारी आवेदन ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू बिरुवा
गाउँकार्यपालिकाको कार्यालय
बिरुवा,स्याङ्जा ।

विषयः बैदेशिक रोजगारबाट फर्केकालाई स्वरोजगार कार्यक्रममा साझेदारी गरिपाउँ ।

महोदय,

उक्त विषयमा आ.ब. ....... मा गाउँसभाबाट स्विकृत गाउँपालका पुर्वाधार साझेदारी कार्यक्रमको ...................................................................... मितिमा प्रकाशित सुचना बमोजिम यस विरुवा गाउँपालिका ........ नं. वडामा रहेको.................................................................. उपभोक्ता समिति/क्लब/समुह विरुवा गाउँपालका पुर्वाधार साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधिका सबै सर्तहरु पालन गर्ने गरी तपशिलका विवरण खुलाई कार्यक्रम साझेदारीको लागि निवेदन पेश गर्दछु ।

तपशिलः

१. योजनाको नामः
२. सम्पादन गर्ने कार्यः
३. प्रस्तावित कुल लागतः
४. गाउँपालिकाको योगदान रकम रुः
५. उ. स. / फर्म/ समुहको योगदानः कुल लागतको कम्तिमा ३० प्रतिशत रकम रुः
६. लक्षित घरधुरी र जनसंख्याः
७. अपेशित उपलब्धीहरुः

निवेदक

............................................
अध्यक्ष
.....................................उपभो
क्ता समिति/फर्म/ समुह
विरुवा गाउँपालिका– स्याङ्जा ।

आज्ञाले
कुलराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत